सरावल गाँउपालिका

नवलपरासी, (बर्दघाट सुस्ता पश्चिम)

**स्थानीय राजपत्र**

| | | |
|---|---|---|
| खण्डः६ | संख्याः५ | साउन महिना १८ गते, २०७९ साल |

**भाग २**

**स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा २ बमोजिम सरावल गाउपालिकाको गाउँसभाले बनाएको देहाय बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**२०७९ सालको निर्देशिक संख्या १**

**निर्देशिकको नामः** सरावल गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका-२०७८ को दोस्रो संसोधन २०७९

सरावल गाँउपालिका

## सरावल गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका-२०७८ को दोस्रो संसोधन २०७९

सभाबाट स्वीकृत मितिः२०७९/०३/३१
प्रमाणिकरण मितिः२०७९/४/१८
प्रकाशित मितिः२०७९/४/१८

सरावल गाउँपालिका, नवलपरासी आर्थिक वर्ष २०७९/०८० सरावल गाउँपालिकाको सरावल गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका-२०७८ लाई संसोधन गर्न वाञ्छनीय भएकोले सरावल गाउँपालिका, नवलपरासीको ११औं गाउँसभाबाट यस निर्देशिका संसोधन गरेको छ ।

**१. संङ्क्षिप्त नाम र प्रारम्भः-**

(क) यो निर्देशिकाको नाम "सरावल गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका २०७८ को दोस्रो संसोधन २०७९ रहेको छ ।

(ख) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**२. सरावल गाउँपालिकाको कार्यसंचालन निर्देशिका २०७८ को दफा ७ को उपदफा २ को (क) मा संसोधन**

प्रमुख प्रशासकीय अधिकृतको भ्रमण वा काजको उद्देश्य, अवधि र भ्रमण गर्ने साधन तोकी भ्रमण आदेश स्वीकृत प्रमुख प्रशासकीय अधिकृत गर्न सक्नेछन।

**३. सरावल गाउँपालिकाको कार्यसंचालन निर्देशिका २०७८ को दफा १८ को उपदफा १ मा संसोधन**

अध्यक्षको निजी सचिवालयमा सहयोगी व्यवस्थापन गर्न वढीमा **२१०००/-** मासिक खर्च र उपाध्यक्षको लागि **१८०००/-** मासिकखर्च गर्न सकिने छ । उक्त रकम एकमुष्ठ रकम उपलब्ध गराउने वा निजी सचिवालयको लागि कर्मचारी राख्ने मध्ये कुनै एक तरिकाबाट मात्र खर्च गर्न सकिनेछ ।

आज्ञाले
दुर्गा पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सरावल गाउँपालिका